# प्रदेश राजपत्र

कर्णाली प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ६) वीरेन्द्रनगर, सुर्खेत, फागुन ०९ गते, २०८० साल (संख्या १४

# भाग-२

## कर्णाली प्रदेश सरकार

## उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको

## सूचना

**प्रदेश व्यापार-व्यवसाय (दर्ता तथा सञ्चालन) (पहिलो संशोधन) नियमावली, २०८०**

प्रदेश व्यापार-व्यवसाय (दर्ता तथा सञ्चालन) नियमावली, २०८० लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

प्रदेश व्यापार-व्यवसाय (दर्ता तथा सञ्चालन) ऐन, २०७८ को दफा ७७ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम “प्रदेश व्यापार-व्यवसाय (दर्ता तथा सञ्चालन) (पहिलो संशोधन) नियमावली, २०८०” रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>प्रदेश व्यापार-व्यवसाय (दर्ता तथा सञ्चालन) नियमावली, २०८० को नियम ६ मा संशोधन</u>**: प्रदेश व्यापार-व्यवसाय (दर्ता तथा सञ्चालन) नियमावली, २०८० (यसपछि "मूल नियमावली" भनिएको) को नियम ६ को,-

(१) उपनियम (३) मा रहेका "बीस प्रतिशत" भन्ने शब्दहरुको सट्टा "दश प्रतिशत" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपनियम (४) को खण्ड (क) मा रहेका "पचास प्रतिशत" भन्ने शब्दहरुको सट्टा "पच्चीस प्रतिशत" भन्ने शब्दहरु राखिएका छन्।

३. **<u>मूल नियमावलीको नियम ७ मा संशोधन</u>**: मूल नियमावलीको नियम ७ को उपनियम (२) मा रहेका "स्वीकृति दिनेछ" भन्ने शब्दहरुको अघि "अनुसूची-३क. बमोजिमको दस्तुर लिई" भन्ने शब्दहरु थपिएका छन्।

४. **<u>मूल नियमावलीको नियम १९ मा संशोधन</u>**: मूल नियमावलीको नियम १९ को उपनियम (२) पछि देहायको उपनियम (३) थपिएको छः-

"(३) स्थानीय तहले ऐन र यस नियमावली बमोजिम निजी तथा साझेदारी फर्म दर्ता प्रमाणपत्रमा अनुसूची-५, ६ र १५ मा आफ्नो स्थानीय तहको लेटर हेड बमोजिम ढाँचा निर्धारण गरी प्रयोगमा ल्याउन सक्नेछ।"

५. **<u>मूल नियमावलीको नियम २३ मा संशोधन</u>**: मूल नियमावलीको नियम २३ को सट्टा देहायको नियम २३ राखिएको छः-

"२३. **<u>अनुसूचीमा हेरफेर तथा संशोधन गर्न सक्ने</u>**: (१) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी अनुसूची-१, ३ र ३क. मा आवश्यकता अनुसार हेरफेर तथा संशोधन गर्न सक्नेछ।

(२) मन्त्रालयले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी अनुसूची-२, ४, ५, ६, ७, ८, ९, १०, ११, १२, १३, १४, १५ र १६ मा आवश्यकता अनुसार हेरफेर तथा संशोधन गर्न सक्नेछ।

६. **<u>मूल नियमावलीको अनुसूचीमा संशोधनः</u>** मूल नियमावलीको,-

(१) अनुसूची-३ को सट्टा देहायको अनुसूची-३ राखिएको छः-

**"अनुसूची-३**

(नियम ४ को उपनियम (३), नियम ५ र नियम १० सँग सम्बन्धित)

**<u>निजी तथा साझेदारी फर्म दर्ता र शाखा दर्ता दस्तुर</u>**

| सि.नं. | पूँजी | दस्तुर | कैफियत |
|---|---|---|---|
| १. | पाँच लाख रुपैंयाँसम्म | पाँच सय रुपैयाँ | |
| २. | पाँच लाख रुपैयाँभन्दा बढी दश लाख रुपैयाँसम्म | एक हजार रुपैयाँ | |
| ३. | दश लाख रुपैयाँभन्दा बढी पच्चीस लाख रुपैयाँसम्म | दुई हजार रूपैयाँ | |
| ४. | पच्चीस लाख रुपैयाँभन्दा बढी पचास लाख रुपैयाँसम्म | पाँच हजार रूपैयाँ | |
| ५. | पचास लाख रुपैयाँभन्दा बढी एक करोड रुपैयाँसम्म | दश हजार रूपैयाँ | |
| ६. | एक करोड रूपैयाँभन्दा बढी पाँच करोड रुपैयाँसम्म | बाह्र हजार रूपैयाँ | |
| ७. | पाँच करोड रुपैयाँभन्दा बढी दश करोड रुपैयाँसम्म | सत्र हजार रूपैयाँ | |
| ८. | दश करोड रुपैयाँभन्दा माथि जतिसुकै भएपनि | पच्चीस हजार रूपैयाँ | |
| ९. | शाखा दर्ता दस्तुर | पाँच सय रुपैयाँ | |

(२) अनुसूची-३ पछि देहायको अनुसूची-३क. थपिएको छः-

"**अनुसूची-३क.**

(नियम ७ को उपनियम (२) सँग सम्बन्धित)

**<u>विवरण हेरफेर दस्तुर</u>**

| सि.नं. | विवरण | दस्तुर | कैफियत |
|---|---|---|---|
| १. | पूँजी बृद्धि | पूँजीको सिमा अनुसार बृद्धि भएको सिमामा लाग्ने बराबरको दस्तुर | |
| २. | ठाउँसारी | पाँच सय रुपैयाँ | |
| ३. | नामसारी | पाँच सय रुपैयाँ | |
| ४. | नाम परिवर्तन | पाँच सय रुपैयाँ | |
| ५. | कारोबार थपघट वा परिवर्तन | पाँच सय रुपैयाँ" | |

निर्णय भएको मितिः २०८०/१०/०३

**आज्ञाले,**

डा. विनोद प्रसाद देवकोटा

प्रदेश सरकारको सचिव

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेतमा मुद्रित

आन्तरिक मामिला तथा कानून मन्त्रालय

आन्तरिक मामिला तथा कानून मन्त्रालय